दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक १८८ | बुटवल | २०८२ असार २० गते, शुक्रबार | नेपाल संवत ११४५ | Friday July. 04, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

# दुम्किबासको पक्की पुल सञ्चालनले राहत




**रामकुमार श्रेष्ठ**
*नवलपुर*

नारायणगढ-बुटवल सडकखण्डको दुम्कीबासस्थित विनयी खोलामा निर्मित पक्की पुलबाट बिहीबारदेखि यातायात सञ्चालन सुरु भएको छ ।

गत पुस २६ गते विनयी खोलामा रहेको ५० वर्ष पुरानो फलामे पुल भारतीय ओभरलोड गाडीका कारण भाँच्चिएपछि यहाँबाट ओहोर-दोहोर गर्ने मालवाहक गाडीलाई डाइभर्सनबाट आउँजाउँ गराइँदै आएको थियो ।

तर पानी परेर बाढी आउँदा डाइभर्सन पटक-पटक बगाइदिँदा सवारी साधन सञ्चालनमा निकै कठिनाइ र सास्ती भइरहेको थियो ।

नारायणगढ-बुटवल सडकखण्ड विस्तारको क्रममा बनिरहेको पुलको निर्माण पूरा हुन समय लागेकाले मालवाहक सवारी साधनहरुले दुई दिनको सडक पार गर्न ४-५ दिन लगाउनुपरेको थियो भने यात्रुवाहक सवारी साधनहरु मुग्लिन- पोखराको बाटो भएर बुटवल पुग्नुपरेको थियो ।

पक्की पुल बनेपछि बिहीबारबाट विनयी पुलबाट सबै गाडी गुड्न थालेको नवलपुर प्रहरी प्रवक्ता डीएसपी मधु नेपालले जानकारी दिए । उनका अनुसार बिहीबार मध्याह्न १२ बजेदेखि पक्की पुलबाट यातायात सञ्चालन भएका हुन् ।

२१ करोडका लागतमा २४५ मिटर लम्बाइको पुल बनेको छ । यहाँबाट एक पटकमा १०० टन मात्र मालसामान ढुवानी हुन सक्ने नारायणगढ-बुटवल सडक आयोजनाका पूर्वी खण्डका सूचना अधिकारी इन्जिनियर शिव खनालले जानकारी दिए ।

पुलबाट यातायात सञ्चालन भएपछि मालवाहक गाडी समेत यही पुल हुँदै वारपार गरेका छन् । ट्रक चालकहरुले पुल सञ्चालनमा आएपछि ठूलो राहत मिलेको प्रतिक्रिया दिएका छन् । 'पानी पर्नासाथ बाढीले डाइभर्सन बगाउँथ्यो, अब डाइभर्सन हुँदै आउँजाउँ गर्नुपर्ने बाध्यता हटेको छ,' ट्रक चालक कृष्ण श्रेष्ठले भने-'पुल नबन्दा डाइभर्सन बगाएका बेला बुटवलबाट काठमाडौं जाने क्रममा चार दिनसम्म बर्दघाटमा रोकिनुपरेको थियो ।'

आयोजनाका अनुसार अहिलेसम्म ९ पटक बाढीले डाइभर्सन बगाएको छ । पूर्वी सडकखण्डमा ३४ वटा पुल रहेका छन् । त्यसमध्ये ३१ वटा पुल निर्माण भइसकेको खनालले जानकारी दिए । उनका अनुसार जयश्री, गिरुबारी र अरुणखोलामा पुल निर्माण हुँदैछ ।

यस सडक खण्डको सास्ती दाउन्ने खण्डमा अझैं बाँकी छ । यहाँको १४ किलोमिटर सडकमा पानी पर्ना साथ गाडी फस्ने हुँदा घण्टौं जाममा पर्नुपर्ने बाध्यता यथावत् छ ।

यस सडकखण्डको प्रगति ६९ प्रतिशत भएको छ । यसको म्याद साउन ८ गते सकिंदैछ । तर साउन ८ सम्म दाउन्ने खण्डको काम पूरा नहुने निश्चित छ ।

रूपन्देही ३ को उप-चुनाव :

## राप्रपाले बनायो प्रधानको नेतृत्वमा चुनाव परिचालन समिति



बुटवल । राष्ट्रिय प्रजातन्त्र पार्टीले रुपन्देही ३ को उप-निर्वाचनको उम्मेदवार तोक्ने जिम्मा जिल्ला समितिलाई दिएको छ । यस्तै वरिष्ठ नेता उपाध्यक्ष ध्रुवबहादुर प्रधानको संयोजकत्वमा उप-निर्वाचन परिचालन समितिसमेत गठन गरेको छ । समितिमा निरञ्जन थापा, प्रदीप उदय, ताहिर अली सदस्य छन् । प्रधान नवलपरासीका हुन् भने थापा, उदय र अली रुपन्देहीकै हुन् ।

स्रोतका अनुसार स्व. बोहराकै परिवारका सदस्यलाई उम्मेदवारमा प्रमुख प्राथमिकतामा दिइने छ । स्व. बोहराका दुई श्रीमतीतर्फका दुई छोराहरु क्रमशः गौरव र प्रज्ज्वल र अनि नातिनी स्वाती थापा उम्मेदवारका आकांक्षी छन् । स्वाती पार्टी केन्द्रीय सदस्य पनि हुन् । जेठी श्रीमती मञ्जुतर्फका छोरा गौरव बुद्ध एयरका क्याप्टेन पाइलटका रुपमा कार्यरत छन् । बोहराको कान्छी श्रीमती उन्नतीतर्फका छोरा प्रज्ज्वल आइटी इञ्जिनियर हुन् । अमेरिकाको नागरिकता त्यागेर गएको निर्वाचनमा बुवालाई सघाउन आएदेखि उनी यतै बसेका छन् । प्रज्ज्वल राप्रपाभित्र सक्रिय पनि छन् । निर्वाचनपछि बिरामी अवस्थामा रहेका बुवालाई बोलाइने कार्यक्रममा प्रज्ज्वल जान थालेका थिए । राप्रपाकी केन्द्रीय सदस्यसमेत रहेकी स्वाती पनि हजुरबुवाको चुनावी अभियानमा निकै खटिएकी थिइन् । उनी पार्टीका हरेक कार्यक्रममा सक्रिय सहभागी थिइन् । अमेरिकामा अध्ययन गरेर फर्केकी स्वातीले सामाजिक क्षेत्रमा पनि विभिन्न कार्यक्रम गर्दै आएकी छन् ।

क्याप्टेन गौरव राप्रपाले टिकट नदिएको खण्डमा रास्वपाबाट उम्मेदवार बन्न सक्ने चर्चा छ । यद्यपि पुष्टी हुन सकेको छैन । गत निर्वाचनमा राप्रपाका दीपक बोराले एमालेको समर्थनमा तत्कालीन गृहमन्त्री बालकृष्ण खाँणलाई पराजित गरेका थिए । बोहराको निधन भएकाले यहाँ कात्तिक १७ गते उप-चुनाव हुने भएको छ ।

भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

२०८१ सालको SEE परीक्षामा उत्तीर्ण समस्त विद्यार्थीहरुलाई हार्दिक बधाई

लुम्बिनी प्रदेश नमुना यस नवीन औद्योगिक कदर बहादुर रीता मा.वि., देवीनगर, बुटवलमा शैक्षिक सत्र २०८२।०८३ का लागि विज्ञान, व्यवस्थापन (होटल व्यवस्थापन), सिभिल इन्जिनियरिङ्ग, कानुन र शिक्षा समूहको लागि कक्षा ११ मा भर्ना खुल्यो ।

हाम्रा विशेषताहरु:
१) नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट विज्ञान प्रवर्द्धन कार्यक्रममा छनौट भएको ।
२) ब्रिटिश काउन्सिलबाट २०१७-२०२० र २०२१-२०२४ मा अन्तर्राष्ट्रिय स्कुल अवार्ड प्राप्त ।
३) नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय शिक्षा तथा मानवस्रोत विकास केन्द्र अनुसन्धान तथा गुणस्तर सुधार शाखाबाट असल शैक्षिक अभ्यास (GEP) मा नेपाल द्वितीय हुन सफल ।
४) राष्ट्रिय सेवादलद्धारा आ.व. २०८२।०८३ मा सिनियर डिभिजनमा एनसिसिमा छनौट ।
५) प्रत्येक वर्ष एसएलसी, टिएसएलसी, एसइइ र टिएसइइमा उत्कृष्ट नजिता दिन सफल ।
६) प्रत्येक वर्ष एमबिबिएस, इन्जिनियरिङ्ग, वाम्स र कृषि तथा पशु विज्ञान अध्ययन संस्थान लगायतमा पूर्ण छात्रवृत्तिमा नाम निकाल्न सफल ।
७) २०८० मा नेपालको सबैभन्दा ठूलो एसइइ परीक्षा केन्द्र रुपन्देहीका ५८ वटा परीक्षा केन्द्रमा उत्कृष्ट परीक्षा केन्द्र छनौट ।
८) देशका राजनेता, स्वेदश तथा विदेशका उच्च पदस्थ व्यक्तित्वहरुद्धारा अनुगमन तथा निरिक्षण ।
९) विद्यार्थी संस्थाका अनुसारमा नेपालका सामुदायिक विद्यालयहरुमध्ये पाचौं ठूलो (५०००) विद्यार्थी भएको विद्यालय ।
१०) विज्ञान विषय अध्ययन गर्ने छात्राहरुलाई प्रदेश सरकारबाट आकर्षक छात्रवृत्तिको व्यवस्था ।
❖ भर्ना फारम वितरण: २०८२ आषाढ १५ गते विहान ७ बजेदेखि ।
❖ छात्रवृत्ति छनौट परीक्षा: २०८२ आषाढ २० गते शुक्रबार विहान ८ बजे ।
❖ नतिजा प्रकाशन: २०८२ आषाढ २० गते शुक्रबार २ बजे ।
❖ भर्ना प्रारम्भ: २०८२ आषाढ १५ गते विहान ७ बजेदेखि ।
❖ पठनपाठन: २०८२ साउन १ गतेदेखि ।

२०८२ आषाढ २० गते २ बजेसम्म भर्ना हुनेलाई भर्नामा २५% छुटको व्यवस्था

२०८१ को एसइईमा ४ जीपिए सहित समग्रमा ९४ प्रतिशत विद्यार्थी उत्तीर्ण

विस्तृत जानकारीका लागि
प्रेम बहादुर बस्नेत
प्रधानाध्यापक (एवं)

नवीन औद्योगिक कदर बहादुर रीता मा. वि.
देवीनगर, बुटवल-११, रुपन्देही, फोन: ९८५७०३१६७८, ९८५७०४२४०९, ९८४७१३०१३१, ९८४९०५११५५, ९८४७०८६०७५, ९८५७०२०८२४, ९८५७०७५७३२



भर्ना खुल्यो

राष्ट्रकै प्रतिष्ठित तथा हामी सबैको अत्यन्त प्रिय शैक्षिक संस्था न्यू होराइजन आवासीय माध्यमिक विद्यालय बुटवल ११ मा कक्षा ११ मा विज्ञान तथा व्यवस्थापन बिहानी तथा दिवा समूहमा सिमित सिटमा भर्ना खुलेको हुँदा समयमै भर्ना भई सिट सुरक्षित गर्नुहुन जानकारी गराउँदछौं ।

छात्रवृत्ति परीक्षा :
२०८२/०३/१८ गते
बिहान ११:00 बजे ।

सम्पर्क नं. :
9857030969, 9857042450 (Mgmt)
9851234344, 9843107724 (Sci)

"गुणात्मक शिक्षा हाम्रो प्रतिबद्धता बालबालिका हाम्रो भविष्य"
न्यू होराइजन
अङ्ग्रेजी आवासीय माध्यमिक विद्यालय
बुटवल-११, रुपन्देही
ISO 9001:2015

# सम्पादकीय

## जीतगढी युद्ध संग्रहालय छिटो चलाऔँ

जीतगढी युद्ध संग्रहालयको पूर्वाधार निर्माण सम्पन्न भएको दुई वर्ष भयो । बुटवललाई पर्यटकीय ढंगले विकास गर्न बुटवल उपमहानगरपालिका–१ बटौलीमा निर्माण गरिएको युद्ध संग्रहालय सञ्चालन गर्न बेवास्ता भएको छ ।

बुटवललाई पर्यटकीय ढंगले विकास गर्न जीतगढी युद्ध संग्रहालय निर्माण गरिएको हो । दुई सय वर्ष अघिको नेपाल–अंग्रेज युद्धका क्रममा बुटवलको जीतगढी किल्लाबाट नेपाली फौजले अंग्रेज फौजलाई पराजित गरेको गौरवपूर्ण इतिहास छ । यही इतिहासलाई जिवन्त राख्न सक्दा बुटवलमा पर्यटन प्रवर्द्धन गर्न सकिने राम्रो संभावना भएकाले युद्ध संग्रहालय निर्माण गरिएको हो । तीन कठ्ठा क्षेत्रफलमा आर्कषक भवन तयार भएको छ ।

जीतगढी घुमेपछि नजिकैको संग्रहालयमा युद्धको जिवन्त इतिहास अवलोकन गर्न पाउने अवसर छ । पूर्वाधार निर्माणको काम ७ करोड रूपैयाँमा सम्पन्न भयो, ११ करोड रूपैयाँ संग्रहालय सञ्चालन गर्नका लागि लाग्ने अनुमान गरिएको छ । संग्रहालय सञ्चालनका लागि बुटवल उपमहानगरपालिकाले पहलकदमी लिनुपर्छ । प्रदेश र संघीय सरकारको सहयोग खोज्ने काम उपमहानगरपालिका नेतृत्वको हो ।

पूर्वाधार बन्यो, लामो समयसम्म बनेको पूर्वाधारको प्रयोग भएन भने पूर्वाधार बन्नुको अर्थ हुँदैन । पछिल्ला वर्षहरुमा बुटवलले पहिचान र सामर्थ्य खोजी गरिरहेको बेला पर्यटन पूर्वाधार निर्माण र प्रयोगलाई प्राथमिकता दिनुपर्छ ।

बुटवल व्यापारिक केन्द्र मात्रै नभएर यो एउटा पर्यटकीय केन्द्र पनि हो भन्ने छाप छाड्नका लागि संग्रहालय एउटा गतिलो उदाहरण हो ।

दुई निजी कम्पनीले बुटवल–नुवाकोट र बुटवल– बसन्तपुर केबलकार बनाएका छन् ।तहगत सरकारको संयोजनमा अरू पूर्वाधारका काम धमाधम अघि बढेका छन् । केही वर्ष अघि सम्म लथालिङ्ग जीतगढी अहिले हेर्नलायक भएको छ । फुलबारीमा पर्यटकीय पूर्वाधार बनेका छन् । नुवाकोट र बसन्तपुर नजिकको हिलस्टेशनको रुपमा विकास गर्न सकिन्छ ।

नेपाल–अंग्रेज युद्धको झल्को दिने संग्रहालय सञ्चालन गर्न सक्दा बुटवलको पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण पाइला अघि बढ्नेछ । बुटवल उपमहानगरपालिकाको अगुवाईमा प्रदेश र संघीय सरकारको साथ आवश्यक छ ।

# विद्याको एमालेमा पुनरागमन



विन बहादुर कुँवर

> चीनमा राष्ट्रपति सिपिङ जो दुई कालपछि पनि सदा राष्ट्रपति बनिरहने गरी सिपिङ विचार अघि सारिसकेका छन् । त्यस्तै रुसी राष्ट्रपति पुटिन पटकपटक कहिले राष्ट्रपति अनि कहिले प्रधानमन्त्री बन्दै पुनः वर्षौंदेखि राष्ट्रपति भइरहेका छन् । अहिले नेपालमा पनि प्रधानमन्त्री ओली त्यस्तै चिनियाँ राष्ट्रपति पथमा भने एमाले पूर्व राष्ट्रपति विद्या भण्डारी रुसी राष्ट्रपति पुटिन पथमा अग्रसर छन् । आखिरी यी दुवैको मूल उद्देश्य र चाहना भनेकै देश र जनताको हितमा भन्दा बढी सदा आ-आफ्नै पद, प्रतिष्ठा र कुर्सीकै लिप्सा हो ।

भनिन्छ एउटा जंगलमा दुईवटा बाघ मिली बस्न सक्दैन । यो भनाइ मात्रै होइन एकदमै सत्य कथन पनि हो । प्रत्येक बाघले जंगलमा आ-आफ्नो क्षेत्र बाउन्डरी अर्थात् घेरा बनाइ बसेका हुन्छन् । उक्त क्षेत्रभित्र अरु कुनै बाघलाई आउन र बस्न दिँदैन । बसे आक्रमण गरी भगाउँछ । ठीक यो हिजो सामन्ती राज्य व्यवस्था र शासन सत्ताअन्तर्गत राजा महाराजाहरु हुने गरेको थियो । नेपालमा पनि यस्ता थुप्रै भुरे टाकुरे राजा-रजौटाहरुको शासन सत्ता चल्दै आएको थियो । ती सबैलाई आक्रमण गरी पृथ्वीनारायण शाह र उनका सन्तानले नेपाल एकीकरण गरी नेपाल राज्य बनाएका थिए । तर पनि यो राज्यका लागि आ-आफ्नै दाजुभाई-सन्तान र भारदारबीच पटकपटक लडाइँ हुँदै आयो । अन्तिममा राजा वीरेन्द्रको वंश नास नै गरी त्यो पुरानो शाही शासन सत्ता खतम पारियो । यसका लागि पनि आफ्नै भाइ ज्ञानेन्द्र र उनका छोरा पारसको हात रहेको शंका गरियो । प्रत्यक्ष तत्कालीन माओवादी नेता डा. बाबुराम भट्टराईले त्यतिबेलै कान्तिपुर दैनिकमा एउटा लेख लेखी त्यसको खुलासा गरेका थिए । यो कथन सामन्ती राजा-रजौटामा मात्र लागू नभई लोकतान्त्रिक गणतन्त्र भनिने हालको शासन सत्ता र पार्टीमा समेत देखिंदै आएको छ ।

आज देशमा लोकतान्त्रिक गणतन्त्र आएको छ । दलीय शासन सत्ता छ । प्रत्येक दलहरुका आ-आफ्ना दल नेताहरु छन् । तिनै दल नेताहरुद्वारा नै देशको शासन सत्ता चल्दै आएको छ । तर यी सबैले शासन सत्ता लोकतन्त्रमा आधारित भएर होइन व्यक्ति केन्द्रित निरंकुशतन्त्रमा आधारित भएर सञ्चालन गर्दै आइरहेका छन् । शासन सत्ता मात्रै होइन स्वयं आ-आफ्नै पार्टी प्रशासन सबैमा त्यस्तै शक्ति केन्द्रित निरंकुशता हावी हुँदै आएको छ । कांग्रेसमा देउवा-अराजु, एमालेमा ओली अनि माओवादीमा प्रचण्डको एकलौटी आन्तरिक बोलवाला छ । पार्टीभित्र जनवाद छैन । कथम कदाचित पार्टी भित्रबाट नेतृत्वको आलोचना कसैबाट भयो भने यी कुनै पनि नेताहरुलाई त्यो पाच्य हुँदैन । तत्काल कारबाही भइहाल्छ । अन्तर पार्टी संघर्ष चल्नै सक्दैन । कम्युनिष्ट पार्टीमा त यो छँदै छैन । हरेक पार्टीभित्र आ-आफ्नै गुटउपगुट । सबै व्यक्ति केन्द्रित स्वार्थमा आधारित, विचार दृष्टिकोण सबैमा सुन्यता । खाली आआफ्ना पद, प्रतिष्ठा र कुर्सी केन्द्रित लडाइँ हुँदै आएको छ ।

नेकपा एउटा तर यहाँ त्यसैको नाममा दर्जनभन्दा बढी अघि पछि पुच्छर झुण्डयाएर अनेक थरी कम्युनिष्ट नामधारी पार्टी यहाँ छन् । यी मध्ये पहिलो नेकपा एमाले र दोस्रो नेकपा माओवादी केन्द्र यी दुई दलभित्र पनि पहिले र अहिले यस्तै टुटफुट हुँदै आएको छ । एमालेबाटै सीपी नेतृत्वको नेकपा (माले) र माधव नेतृत्वको नेकपा (एस) र माओवादीबाट वैद्य नेतृत्वको क्रान्तिकारी कम्युनिष्ट पार्टी भनी विप्लव नेतृत्वको नेकपा भई नै सकेका छन् । तर फेरि अहिले यी दुवै पार्टीमा पनि त्यस्ता नयाँ गुटगत नयाँ विवाद र द्वन्द्वको थालनी हुन थालेको छ । एमालेमा ओली र अहिले पूर्व राष्ट्रपति विद्या भण्डारीबिच अन्तर द्वन्द्वको सुरुवात हुन थालेको छ । त्यस्तै माओवादीभित्र प्रचण्ड र नारायणकाजी अनि प्रभाकरबीच त्रिपक्षीय अन्तर संघर्ष भई नै रहेको छ ।

पहिले एमालेभित्रको अन्तर पार्टी संघर्ष र यसको परिणामको बारेमा केही चर्चा गरौं । मदन भण्डारी र जीवराज आश्रितको निधनपछि एमालेमा दुई गुट एउटा माधव-झलनाथ र केपी ओली अनि अर्को सी.पी.- वामदेव गुट देखा पर्‍यो । महाकाली सन्धि सम्झौताप्रति तत्कालीन एमाले नेतृत्व खासगरी केपी ओलीद्वारा भएको राष्ट्रघातविरुद्ध सीपी वामदेवहरुले राष्ट्रवादको नारा अघि सार्दै एमाले छोडी नेकपा (माले) बनाए । तर पछि माले छोडी वामदेव एमालेमै फर्किए । सीपी एक्लैले माले पार्टी सञ्चालन गर्दै आएका छन् । तै पनि फेरि एमालेमा माधव-झलनाथ र ओलीबिच एकता भएन, छुट्टाछुट्टै गुट-उपगुट सञ्चालन भई नै रह्यो । लामो समयसम्म ओली अल्पमत नै रहे । उनलाई साथ विद्या भण्डारीको रहयो । यो त्रिपक्षीय अर्थात् माधव-झलनाथ र ओलीबीचको अन्तर संघर्षमा माधव-झलनाथ एक हुँदा ओली अल्पमतमा र यी दुई अलग हुँदा ओली बहुमतमा हुँदै आए । यही दुईको अन्तर संघर्षकै परिणाम ओलीले पहिलो पटक एमाले अध्यक्षमा बाजी मारे । तर पार्टी अन्तर संघर्ष रोकिएन । झन हाँगाविगा हाल्दै झाँगिन पुग्यो । एउटा पार्टी तीन ठूला नेता एकले अर्काको अस्तित्व स्वीकार्ने कुरै थिएन । त्यसमा पनि अझ ओलीमा माधव-झलनाथप्रति पुरानो रिस द्वेष पूर्वाग्रह र बदलाको भावनाले बढी काम गरिरहेको थियो ।

यही अवस्थामा वाम एकताको नाममा पहिले एमाले र माओवादीबिच चुनावी एकता अनि पछि पार्टी एकता गर्ने निर्णय ओली र प्रचण्डबिच भयो । त्यसबाट एमालेभित्रको अन्तर संघर्षले नयाँ मोड लियो । माधव-झलनाथ र वामदेव सबै ओझेलमा परे । ओली-प्रचण्ड दुवैले हालीमुहाली आलोपालो सरकारको नेतृत्व गर्ने भनियो । त्यतिबेला दुवैले आ-आफ्ना पार्टीका विचार, सिद्धान्त र कार्यदिशाको कुनै चर्चा नै गरेनन् । माओवाद, नयाँजनवाद वा जनताको बहुदलीय जनवाद (जवज) सबैलाई छोडियो । खाली सत्ता र कुर्सीलाई मात्र हेरियो । त्यसको विरोध गर्ने कोही भएनन् । सबै रमिते । यता माधव-झलनाथ र वामदेवलाई पन्छाइएको र प्रधानमन्त्रीको कुर्सी हात पारेकोमा ओली दंग । उता एमाले जस्तो ठूलो पार्टीको ठूलो नेता भएकोमा र ओली पछि आलोपालो प्रधानमन्त्री भइनेमा प्रचण्ड झन दंग । करिब दुई तिहाई बहुमत प्राप्त एकलोटी वाम नेतृत्वको सरकार तर काम शून्य खाली बढी प्रचार मात्रै ।

प्रधानमन्त्रीको कुर्सी ओलीबाट झर्ला र खाउँला भनी मुख आँ गरी बसेका प्रचण्ड पछि त्यतिबेला झस्किए-जब ओलीले यो पुरै कार्यकालकै प्रधानमन्त्री आफू भन्दै हिंड्न थाले । त्यसपछि प्रचण्ड पनि के कम ओली शेर भए प्रचण्ड झन सवा शेर । अन्तर पार्टीको नयाँ द्वन्द्वको थालनी भइहाल्यो । वर्षौंदेखि ओलीबाट आकुलव्याकुल भएका माधव-झलनाथ अनि वामदेवका लागि के खोज्छस आँखो भने जस्तै भयो ओली र प्रचण्डबिचको यो द्वन्द्व । यी सबै एक भई ओलीलाई एक्लाए । हुँदाहुँदा ओलीलाई अल्पमतमा पारी कारबाही समेत गरियो । यतिसम्म भयो कि केपी ओलीले अर्को नयाँ पार्टी नै निर्वाचन आयोगमा दर्ता गर्ने जमर्को गरिसकेका थिए । तर ओलीको भाग्य त्यतिबेला कुनै एक अर्को मुद्दामा सर्वोच्च अदालतले तत्कालीन सत्ताधारी दल नेकपालाई अवैध ठहराई खारेज गरिदियो । त्यसको खारेज मात्रै होइन पूर्व एमाले र माओवादी दुवै दलहरुलाई पुनर्जीवित गराउनेसम्मको फैसला गरिदियो । जसको फाइदा ओलीले लिंदै एमाले भित्रका आफ्ना प्रतिद्वन्द्वी सबैलाई एकपछि अर्को गरी हटाउँदै आफ्नो एकछत्र नेतृत्व एमालेमा स्थापित गर्न सफल भए । आजसम्म त्यही नै छ । उनका अगाडि अरु सबै एमाले नेता गरुडको छायामा सर्प परे जस्तै ओलीसामु सदा नतमस्तक भइरहेका छन् । कसैले ओली 'बा' भन्दै उनको गुनगान र प्रशंसा गर्दैछन् भने कसैले हाम्रा झोले नेता क. ओली भन्दै गुनगान गाउँदै हिडिरहेका छन् ।

आज एमालेभित्र प्रम ओलीको एकलौटी वर्चस्व छ । प्रतिद्वन्द्वी कोही पनि छैन । ओली जे भन्छन् र जे गर्छन् त्यही पार्टीको नीति कार्यक्रम हुन्छ । अरु पार्टीको विधान दस्तावेज नीति सिद्धान्त सबै रद्दीको टोकरीमा फालिँदै छ । पार्टी नेतृत्वको ७० वर्षे उमेर हद अनि नेतृत्वको दुई कार्यकालको अवधि सबैलाई तत्पाउँदै ओली खुलम्खुला भन्दैछन्- एमालेभित्र नयाँ नेतृत्वको लागि अझै २०,२५ वर्ष कुर्ने धैर्यता राख्नु पर्दछ । न म अहिले रोगी छु न बुढो नै भएको छु । बल्ल फेरि दारी जुंगा कपाल कालो हुँदैछ आदि इत्यादि । एमाले पार्टी भित्र र बाहिर चारैतिर उनको दबदबा छ । मानौं असनको छाडा साँडे जस्तै जे मन लायो त्यही गर्दै हिंड्ने ।

तर अब क. ओलीको स्थिति त्यस्तो रहेन । नेता क. मदन भण्डारीकै कथन अनुसार राजनीतिमा स्थायी मित्र र स्थायी सत्रु सदा कोही पनि हुँदैन । ठिक यो अब प्रम ओलीमा पनि लागू हुन थालेको छ । कुनै बेलाका एमाले लालजोडी भनिने ओली-विद्या बीच आज ठूलै विवाद देखिन थालेको छ । केही महिना पहिलेदेखि नै ओली विद्यादेखि अलि बढी संशकित देखिन थालेका थिए । बारम्बार ओलीले कसैको नाम नलिई विद्याप्रति कटाक्ष गर्दै आएका थिए । त्यस्तै विद्याले पनि एक वर्षदेखि एमाले पार्टीभित्र र बाहिर अनि देश-विदेश चारैतिर विचार विमर्स अनि राय सल्लाह गर्दै आइरहेकी थिइन् । अन्ततः यही गत असार १४ गते मदन भण्डारीको ७४औं जन्म जयन्तीको अवसरमा पुनः सक्रिय राजनीतिक जीवनका लागि एमाले पार्टी फर्केको घोषणा गरिन् । यतिसम्मकि उनले पूर्व राष्ट्रपति भए बापत राज्यले प्रदान गर्दै आएको सुविधा समेत नलिने घोषणा गरिसकेकी छन् । यसरी अन्ततः प्रम केपी ओलीको एमाले पार्टीभित्र र बाहिरको एकलौटी हैकमविरुद्ध स्वयं आफ्नै लालजोडी विद्या भण्डारीले नै चुनौती तेर्साउन थालेकी छन् । आजसम्म एमालेभित्र ओलीको विकल्प नदेख्नेहरुका लागि पनि यसले ठूलै चुनौती दिएको छ । रातारात पार्टी पंक्तिभित्र कित्ताकाट अर्थात् ओली पक्ष र विद्यापक्ष बीच तीब्र ध्रुवीकरण देखिन थालेको छ ।

हरेक वस्तुमा जस्तै गतिशिल पार्टीमा पक्ष-विपक्ष र अन्तर विरोध र संघर्ष हुन द्वन्द्ववादको नियम नै हो । तर अहिले जुन नेपालमा पार्टी छन् यी सबैमा त्यस्तो गतिशिलता छैन । सबैमा जडता छ । एक प्रकारले सबैमा सामन्ती अवसरवाद छ । अन्तर्विरोधको नाममा अन्तरघात छ । द्वन्द्ववादको नाममा अद्वेत र एकमनावाद । जनवादको नाममा निरंकुशतावाद । एकताको नाममा अनेकतावाद हुँदै आएको छ । त्यसैको परिणाम एउटा जंगलमा दुई वा बढी बाघ मिली बस्न नसके जस्तै एउटा पार्टीमा दुई विचार दुई नीति कार्यक्रम र सिद्धान्त र दुई नेता मिली बसेको स्थिति कमै छ । माथि केही उदाहरण बताई सकिएको छ । एमाले पार्टीभित्रकै उदाहरण सीपी-वामदेव, माधव-झलनाथ अनि भीम रावल र केपी ओलीबीचको यस्तो द्वन्द्वमा ओलीको एकलौटी वर्चस्व अहिले देखिए पनि अब विद्या भण्डारीको पुनरागमनले एमालेभित्र नयाँ द्वन्द्वको सिर्जना गरेको छ । एमाले पार्टीभित्रका यी दुई ओली र विद्याबीचको यो द्वन्द्वमा हार-जित कसको हुन्छ ? हेर्न बाँकी छ । प्रम ओलीमा अहिले हतास मानसिकता, विस्तृष्णा र नकारात्मकताले घर जमाइसकेको छ । मदन भण्डारीको जन्म दिवसकै अवसरमा उनले भनेका धेरै कुराहरुले यो देखाइसकेको छ । यतिसम्मकि बे प्रसंग, बेतुक र बेप्रमाण त्यतिकै मदन भण्डारीको गुनगान गाए जस्तै गरी ओलीले मदनका विरुद्ध भ्रमक धेरै श्रीमती भएको र साझा सहकारीको रकम हिनामिना गरेको प्रसंग त्यसैको उपज हो । यसको प्रतिकार अब विद्याले कसरी गर्लिन् ? घायल बाघ बढी आक्रमक हुन्छ त्यसबाट पहिले बच्नु नै पहिलो उपाय हो । घायल पछि आफै मरिहाल्छ नि ।

अन्त्यमा कुनै पनि राजनीतिमा को कति अवधि र पदमा रहनु पर्छ पर्दैन यसको बारेमा कुनै स्पष्ट नीति हुनुपर्छ भन्ने कुनै राष्ट्रिय र अन्तर्राष्ट्रिय मान्यता छैन । यो सामन्ती दलाल र नोकरशाही बुर्जुवा प्रतिक्रियावादी राज्य व्यवस्था भएकाले यहाँ जसले जे गर्दा पनि हुन्छ ? जसको शक्ति उसैको भक्ति र जय जयकार यहाँ हुन्छ । चीनमा राष्ट्रपति सिपिङ जो दुई कालपछि पनि सदा राष्ट्रपति बनिरहने गरी सिपिङ विचार अघि सारिसकेका छन् । त्यस्तै रुसी राष्ट्रपति पुटिन पटकपटक कहिले राष्ट्रपति अनि कहिले प्रधानमन्त्री बन्दै पुनः वर्षौंदेखि राष्ट्रपति भइरहेका छन् । अहिले नेपालमा पनि प्रधानमन्त्री ओली त्यस्तै चिनियाँ राष्ट्रपति पथमा भने एमाले पूर्व राष्ट्रपति विद्या भण्डारी रुसी राष्ट्रपति पुटिन पथमा अग्रसर छन् । आखिरी यी दुवैको मूल उद्देश्य र चाहना भनेकै देश र जनताको हितमा भन्दा बढी सदा आआफ्नै पद, प्रतिष्ठा र कुर्सीकै लिप्सा हो ।

# सेयर बजार ९.१४ अङ्कले वृद्धि



काठमाडौं । सेयर बजार परिसूचक नेप्से लगातार पाँचौं दिन पनि बढेको छ । साताको पहिलो दिन आइतबारदेखि नै बढ्न सुरु गरेको नेप्सेले पाँचौं दिन पनि निरन्तरता दिएको हो ।

बिहीबार बजार परिसूचक नेप्से ९.१४ अङ्कले बढेर २७०३.९६ अङ्कमा पुगेको हो । योसँगै करिब साढे २ महिनापछि बजारले २७०० को मनोवैज्ञानिक अङ्क पार परेको छ । यसअघि अप्रिल २३ मा बजार सो सीमाबाट तल झरेको थियो । यसअघि लगातार चार दिन बजार बढेको थियो । आइतबार २६.५३ अङ्क, सोमबार ९.१९ अङ्क र २८.९१ अङ्क र बुधबार बजार ३४.४२ अङ्कले बढेको थियो । बिहीबारको वृद्धिसँगै चार दिनमा बजारको वृद्धि १०८.१६ अङ्क पुगेको छ ।

बजारमा कारोबार केही घटे पनि उत्साहप्रद नै देखिन्छ । दिनभरमा कुल ७ अर्ब ३ करोड ३६ लाख, सोमबार ६ अर्ब ३३ करोड ८५ लाख, मंगलबार ६ अर्ब ८५ करोड ५२ लाख, बुधबार ९ अर्ब २१ करोड र बिहीबार ९ अर्ब ३८ करोड रुपैयाँको कारोबार भएको थियो । बजार बढे पनि बिहीबार बहुसंख्यक कम्पनीको मूल्य घटेको छ । २४७ कम्पनीमध्ये १२५ कम्पनीको मूल्य घट्दा पनि बजार बढेको हो । बजारमा फाइनान्स, जीवनबिमा, निर्जीवन बिमा र म्युचुअल फण्ड समूहका परिसूचकमा उत्साह देखिएको छ । इन्भेष्टमेन्ट र हाइड्रो समूहमा सबैभन्दा धेरै गिरावट आएको छ ।

बजारमा नेपाल फाइनान्सको सेयर ९.९८ प्रतिशतले बढेर सकारात्मक सर्किट लाग्दा सप्तकोशी डेभलपमेन्ट बैंक र गुराँस लघुवित्तको मूल्य सर्किट लेभलमा घटेको छ । कारोबार रकमका आधारमा बुटवल पावर अग्रस्थानमा रह्यो । उक्त कम्पनीको ३१ करोड ६८ लाख रुपैयाँभन्दा बढीको कारोबार भयो ।

आर्थिक वर्षको अन्तिम समयमा आउँदा यतिबेला ब्याज, बैंकको किस्ता लगायत तिर्नुपर्ने दबाब देखिन्छ । तर यही अवस्थामा पनि बजार बढ्नुलाई सकारात्मक रुपमा हेदिएको छ । २७०० अङ्क पार गरेसँगै बजारले अहिले २६५० अङ्कको पहिलो टेवा र २७५० अङ्कको पहिलो प्रतिरोध विन्दु कायम गरेको छ ।

# डेङ्गु सङ्क्रमण बढ्ने उच्च जोखिम




बुटवल । इपीडीयमोलोजी तथा रोग नियन्त्रण महाशाखाले अबका चार महिना डेङ्गु सङ्क्रमणको सर्वाधिक जोखिमयुक्त समय भएकोले सतर्क रहन आग्रह गरेको छ । यसवर्ष करिब ६० हजार जना डेङ्गु रोगबाट सङ्क्रमित हुनसक्ने अनुमान महाशाखाको छ । महाशाखाद्वारा आयोजित अन्तक्रियामा विज्ञहरुले डेङ्गुबाट हुने मानवीय क्षति रोक्न लामुखुट्टेको प्रजनन् प्रणाली नष्ट गर्ने सर्वाधिक सरल र प्रभावकारी उपाय भएको बताए ।

कीटजन्य रोग शाखाका प्रमुख डा. गोकर्ण दाहालले डेङ्गु सार्ने प्रजातिको लामखुट्टे नष्ट गर्नका लागि चार महिनाभन्दा बढी समय लामखुट्टेको लार्भा र फूल समेतलाई नष्ट गर्ने अभियान चलाउनुपर्ने जानकारी दिए । "झुल, धुप वा लामखुट्टे भगाउने अन्य औषधिले घरभित्र काम गरे पनि घर बाहिर निस्केको बेला भाइरसयुक्त लामुखेट्टले टोकेर सारिदिन सक्छ । त्यसैले स्थानीय पालिकाहरुको समयन्वयमा त्यस्ता लामखुट्टेको फुलसहित सबै चक्र नष्ट गरिदिनुपछ ।"-उनको भनाइ थियो ।

यद्यपी नगर पालिकाको स्वास्थ्यसम्बन्धी कर्मचारीको धेरै थरी काम हुने हुँदा लगातार चार महिनासम्म नष्ट गर्ने काममा लागि रहन उनीहरुलाई अप्ठ्यारो भएको पनि उनले बताए । महाशाखाले १७ जिल्लाका एक सय ४७ पालिकासँग डङ्गु रोगबारे सहकार्य गरिएको जानकारी पनि कार्यक्रममा दिइयो । "डेङ्गुरोगलाई स्वास्थ्य क्षेत्रको प्रयास मात्रै ले नियन्त्रण गर्न सकिंदैन त्यसका लागि सबै निकायले हातेमालो गर्नु पर्छ ।"-महाशाखा निर्देशक डा.चन्द्रभाल झाले भने । कतिपय देशमा लामखुटे नियन्त्रण वातावरण मन्त्रालयले जिम्मा लिएर गरेको पनि देखिएको समेत उनले बताए । शहरमा वर्षायाम सँगै जता ततै खाडल, ससाना भाँडा र जथाभावि फालिएका टायर पानी जम्ने भएकोले डेंगुको जोखिम अनुमान गरेभन्दा बढ्ने पनि निर्देशक झाले बताए । उनले भने-"त्यसबाहेक घर घरमा फ्रिज र एसिको पानीले पनि लामखुटेलाई फुल पार्न र बच्चा हुर्कन सजिलो भएको छ ।"

यसवर्ष सरकारले लामखुटे खोजी र नष्ट गर्ने कार्यका लागि आगामी आर्थिक वर्षका लागि रु १० करोड छुट्याएको जानकारी पनि कार्यक्रममा दिइयो । एडिस जातको सङ्क्रमित पोथी लामखुट्टेको टोकाइबाट मानिसमा सर्ने यो रोग, सामान्यतया शितोष्ण र समशितोष्ण क्षेत्रमा फैलिने गरेको छ ।

यद्यपि जलवायु परिवर्तनको प्रभावस्वरुप गएको दशकयता मुलुकका पहाडी भूभागमा समेत विस्तार भएको छ । डङ्गुका बिरामीलाई सो लामखुट्टेले टोकेमा उक्त लामखुट्टे सङ्क्रमित भई स्वस्थ व्यक्तिमा सार्न सक्छ । यो लामखुट्टेको आयु १ देखि ३ महिनासम्म हुन्छ ।

डेङ्गु रोग लाग्दा उच्च ज्वरो, कडा खालको टाउको दुखाइ हुने, आँखाको गेडी पछाडि दुख्ने र मांसपेशीको समेत दुखाइ अत्यन्त पीडादायी हुन्छ । साथै केहीलाई वाकवाक लाग्ने र वान्ता हुने समेत हुन्छ । सरकारले डेङ्गुसँगै कोभिड र हैजाको जोखिम नफैलियोस भनेर विशेष तयारी गरेको जानकारी पनि उनले दिए ।




**हवाई इन्धन भण्डारण ट्यांकी**
पोखरा अन्तरराष्ट्रिय विमानस्थल परिसरमा निर्माण गरिएको हवाई इन्धन भण्डारण ट्वाङ्की। तस्विर: राधिका कँडेल/रासस

# सिकाइ अनुभव आदानप्रदान

बुटवल। रूपन्देही उद्योग संघ र दिगो तथा सम्मानित रोजगारीका लागि इन्स्योर परियोजना दोस्रो चरणको सहकार्यमा स्थापित सीप विकास इकाइमार्फत् २४ महिने प्री-डिप्लोमा तहअन्तर्गत औद्योगिक प्रशिक्षार्थी कार्यक्रम सञ्चालन गरिरहेको प्राविधिक शिक्षालय, विद्यालय र साझेदार उद्योगहरूबिच अन्तरक्रिया कार्यक्रम बुटवलमा सम्पन्न भएको छ।

रुपन्देही उद्योग संघका कार्यवाहक अध्यक्ष एवं वरिष्ठ उपाध्यक्ष कृष्णप्रसाद पराजुलीले कार्यक्रममा स्वागत गर्नुहुँदै प्राविधिक शिक्षालय, विद्यालयले यस कार्यक्रममा सहभागी विद्यार्थीहरूलाई केवल किताबी ज्ञानमा सीमित नराखी उद्योगसँगको सहकार्यमार्फत् व्यवसायिक सीप कार्यशैली र व्यवहारिक चुनौतीहरूसँग प्रत्यक्ष परिचित गराउने प्रयास गर्दै आएको बताए। उद्योगहरुले विद्यार्थीलाई व्यवसायिक अनुशासन गुणस्तरीय उत्पादन प्रक्रिया र कार्यस्थलमा अपनाइने सुरक्षा मापदण्डका विषयमा शिक्षित गराएका कारण विद्यार्थीलाई रोजगारी मात्र नभई स्वरोजगार तथा उद्यमशीलताको दिशामा पनि प्रेरित गरेको उनले जनाए। अहिलेसम्म ७२६ जनाभन्दा बढी कामदारहरुका लागि क्षमता अभिवृद्धि तालिम सम्पन्न गरेको र विभिन्न क्षेत्रमा देखिएका समस्यालाई समाधान गर्नको लागि सामाजिक विकास मन्त्रालय, इन्स्योर परियोजना, प्राविधिक शिक्षालय, विद्यालय र साझेदार उद्योगहरूबीच बसेर छलफल गर्नुपर्ने उनले उल्लेख गरे।

प्रमुख अतिथिको रूपमा रहेका कोरिया नेपाल बहुप्राविधिक शिक्षालयका प्राचार्य नवीन किशोर गैरेले बोल्दै कार्यक्रमको दिगो र प्रभावकारी कार्यान्वयनका लागि सामाजिक विकास मन्त्रालय तथा सम्बन्धित निकायहरूले यसको सम्पूर्ण उत्तरदायित्व जिम्मेवारीपूर्वक लिनु पर्ने आवश्यकता औंल्याउँदै हालको प्रक्रियालाई केही हदसम्म झन्झटिलो भएकाले यसलाई सहज, सरल र व्यावहारिक ढंगले अपनाउँदै कार्यक्रमको उद्देश्यप्रति इमानदार बन्नुपर्नेमा जोड दिए।

उनले आफू र आफ्नो निकायको तर्फबाट कार्यक्रमको सफलताको लागि आवश्यक सबै सहयोग प्रदान गरिने विश्वास दिलाउँदै, निजी क्षेत्रको संलग्नता यस कार्यक्रमको मेरुदण्ड हो भन्ने कुरामा स्पष्ट दृष्टिकोण व्यक्त गरेका थिए। यसै सन्दर्भमा उनले उद्योग संघजस्तो क्रियाशील संस्थाले औद्योगिक प्रशिक्षार्थी कार्यक्रममा निजी क्षेत्रको सक्रिय सहभागिता सुनिश्चित गर्न खेलेको भूमिकाको मुक्तकण्ठले प्रशंसा गरे।

सिकाइ अनुभव आदानप्रदान कार्यक्रममा सहभागी शैक्षिक क्षेत्रका प्रतिनिधिहरू तथा निजी क्षेत्रका उद्योगी-व्यवसायीहरूले औद्योगिक प्रशिक्षार्थी कार्यक्रमअन्तर्गत हालसम्म सञ्चालित गतिविधिहरूको अनुभव साटासाट गर्दै आगामी दिनमा कार्यक्रमलाई अझ प्रभावकारी र परिणाममुखी बनाउने विषयमा महत्वपूर्ण सुझावहरू प्रस्तुत गरेका थिए।

उनीहरूले पाठ्यक्रम विकासलाई समयसापेक्ष, उद्योगको आवश्यकतालाई सम्बोधन गर्ने गरी पुनरावलोकन तथा परिमार्जन गर्नुपर्ने आवश्यकतामा जोड दिए। साथै, उनीहरुले तालिमलाई अझ व्यवहारिक बनाउँदै प्रशिक्षार्थीहरूलाई प्रत्यक्ष उत्पादन प्रक्रियामा संलग्न गराउने अभ्यासलाई प्राथमिकतामा राख्नुपर्ने धारणा राख्दै, कार्यक्रमलाई अझ उपलब्धिमूलक, रोजगारमैत्री र उद्योगसँग प्रत्यक्ष जोडिने गरी परिमार्जन गर्नुपर्ने, साथै शैक्षिक संस्था र उद्योगबिच नियमित समन्वय तथा अनुभव आदान प्रदान हुने वातावरण विकास गर्नुपर्ने भन्ने सामूहिक सुझावहरू प्रस्तुत गरेका थिए।

सो अवसरमा इन्स्योर परियोजना लुम्बिनी प्रदेश प्रबन्धक अम्बिकाप्रसाद तिमेल्सिनाले बोल्दै इन्स्योर परियोजनाले गुणस्तरीय दक्ष र उद्योगमैत्री जनशक्ति उत्पादन गर्न मार्ग निर्देशन गर्ने स्पष्ट खाका तयार गर्न सहयोग पुऱ्याइरहेको बताए। त्यसैगरी कार्यक्रम सञ्चालनका क्रममा देखिएका विभिन्न व्यवहारिक तथा प्रणालीगत समस्याहरूको समुचित विश्लेषण गरी समाधानमुखी उपायहरु प्रस्तुत गर्ने कार्यमा इन्स्योर परियोजना प्रतिबद्ध रहेको उनले उल्लेख गरे।

कार्यक्रममा घरेलु तथा साना उद्योग महासंघ प्रदेश कोषाध्यक्ष माया खनाल, क्यान रूपन्देहीका अध्यक्ष जीवन अधिकारी, महाराजा रिसोर्टका प्रतिनिधि माधव ढकाल, पञ्चकन्या ग्रुपका महाप्रबन्धक देवेन्द्र साहुलगायतले मन्तव्य राखेका थिए।

रूपन्देही उद्योग संघका सह-कोषाध्यक्ष विशाल बेलबासेले धन्यवादसहित कार्यक्रमको समापन गरेका थिए।

रुपन्देही उद्योग संघका प्रमुख कार्यकारी अधिकृत यादव प्रसाद भण्डारीको सञ्चालनमा भएको कार्यक्रममा रुपन्देही उद्योग संघ शिप विकास इकाईका कार्यक्रम संयोजक खिमानन्द रिजालले हालसम्म कार्यान्वयन गरिएका कार्यक्रमको प्रस्तुतिकरण गरेका थिए। कार्यक्रममा विभिन्न साझेदार उद्योग, प्राविधिक शिक्षालय, विद्यालयगरी २४ उद्योगबाट ३७ जनाको सहभागिता रहेको थियो।

# पर्यटकीय क्षेत्र हात्तीढुङ्गामा थपिदै पूर्वधार

ढोरपाटन। बागलुङको जैमिनी नगरपालिकाले पर्यटकीय क्षेत्र हात्तीढुङ्गाको प्रवर्धन गर्न थालेको छ। एक दशक अगाडिसम्म गुमनाम रहेको हात्तीढुङ्गामा पछिल्लो समय धार्मिक पर्यटकको आकर्षण बढ्दै गएपछि नगरपालिकाले पूर्वधार निर्माणमा जोड दिएको छ।

जैमिनी-९ पैयुँथन्थापमा पर्ने उक्त हात्तीढुङ्गाका स्थानीय बुढापाकाका अनुसार विसं २००६ तिर फेला परेको थियो। ठूलो ढुङ्गामा हात्तीको जस्तो सुँड छ। उक्त ढुङ्गालाई विसं २०१२ देखि गाउँलेले गणेशको रूपमा पूजा गर्दै आए पनि बाहिरबाट खास्सै भक्तजन जाँदैन्थे। अहिले प्रचारप्रसार हुन थालेपछि जैमिनी र आसपासका क्षेत्रबाट पर्यटक पुग्ने गरेका छन्। नगरपालिकाले हात्तीढुङ्गा क्षेत्रमा पर्यटकीय पूर्वाधार निर्माण गर्दै आएको छ। यस वर्ष पनि संघीय सहरी विकास मन्त्रालयबाट विनियोजित रु एक करोड लागतमा सडकलगायतका पूर्वधार निर्माण गरिएको छ।

नगर उपप्रमुख हरिहर शर्माले रु ५० लाखमा बारीखेतदेखि हात्तीढुङ्गा जोड्ने सडक निर्माण गरिएको र रु ५० लाखमा मन्दिर, खेलमैदान, सत्तललगायतका पूर्वाधार निर्माण गरेको उनको भनाइ छ। यसभन्दा अगाडि खानेपानी र शौचालयलगायतका संरचना बनाइसकेको शर्माले बताए। स्थानीयले पहिले सिद्धीविनायक गणेश मन्दिर गरेर पूजाआजा गर्दै आएको भन्दै सोही स्थानमा शिव मन्दिर निर्माण गरिएको शर्मा बताउँछन्।

उपप्रमुख शर्माले भने-"हात्तीढुङ्गा जैमिनीको प्रमुख पर्यटकीय गन्तव्य हो, यसलाई पर्यटकीय र धार्मिक हिसाबले विकास गर्दै गइरहेका छौं, पछिल्लो समय यहाँ आउने भक्तजनको संख्या पनि बढ्दै गएको छ, यहाँ नागरिकको पनि ठूलो लगानी छ, राज्यका विभिन्न निकायबाट हालसम्म रु एक करोड ४० लाख बढी लगानी भएको छ, यसको प्रवर्धनका लागि नगरपालिकाले पनि निरन्तर बजेट विनियोजन गरेर काम गर्दै आएको छ।

स्थानीय तुलबहादुर थापा यहाँ पूजा गरेपछि मनोकांक्षा पूरा हुने जनविश्वास रहेको हुँदा पछिल्लो समय धार्मिक पर्यटक बढ्न थालेको बताए। खास गरी यहाँ शिवरात्रिमा ठूलो पूजाआजा हुने हुँदा जैमिनीसहित, बरेङ, बागलुङ, गुल्मीलगायतका ठाउँबाट भक्तजन आउने गरेको उनको भनाइ छ। पहिले गाउँका स्थानीयले मात्रै पूज ाआज गर्ने हात्तीढुङ्गामा अहिले टाढा-टाढाबाट भक्तजन आउन थालेपछि चहलपहल बढ्ने गरेको थापा बताउँछन्। यहाँसम्म आइपुग्ने सडकलाई थप व्यवस्थित बनाउन जरुरी रहेको उनको भनाइ छ।

# घुमारी घाट ओझेलमा



नवलपरासी। नवलपरासी (बर्दघाट सुस्ता पूर्व) नवलपुरको पहाडी क्षेत्रमा पर्ने धार्मिक पर्यटकीय क्षेत्र घुमारी घाट ओझेलमा परेको छ। जिल्लाको बुलिङटार गाउँपालिका-६ मा रहेको धार्मिक पर्यटकीय क्षेत्र घुमारी घाटमा पूर्वाधार विकाससहित प्रचारप्रसार नहुँदा ओझेलमा परेको हो।

कालिगण्डकी करिडोरसँगै जोडिएको घुमारी घाट प्राकृतिक रूपमा मनमोहक रहेको छ। कालीगण्डकी नदीले शंख आकारको घाट बनाएको यो स्थानलाई कृष्णसँग जोडिएको धार्मिक कथाले भरिएको छ। घुमारी घाटमा द्वापर युगमा भगवान् श्रीकृष्णले कामधेनु गाई चराउँदै आउँदा गाईको दूध खाएको धार्मिक विश्वास रहेको छ। सो स्थानमा भगवान् कृष्णले दूध खाँदा बग्दै आएकी कालीनदी श्रीकृष्णलाई बचाउन घुमेर बगेको बताइन्छ।

कालीगण्डकी नदीले करिब ५०० रोपनी क्षेत्रफलमा शंख आकारको प्राकृतिक घेरा बनाएको छ। कालीगण्डकी नदी घुमेर बगेको प्राकृतिक रूपमा मनमोहक स्थान भए पनि घुमारी क्षेत्र ओझेलमा पर्दै आएको स्थानीय समाजसेवी डीबी गुरुङले बताए।

कालीगण्डकी नदी बग्दै आउँदा यति सुन्दर भएर घुमेको र धार्मिक मान्यतासँग समेत जोडिएको स्थल भए पनि यसको विकास र प्रवर्धनमा खासै कसैले चासो नदिएको उनले जनाए। घुमारी क्षेत्र पुग्ने बाटो स्तरोन्नतिको कामले समेत पूर्णता पाउन नसक्दा धेरै मान्छे उक्त स्थल नपुग्ने गरेको उनले औंल्याए। "पहुँचमार्ग सहज हुने हो भने कालीगण्डकी करिडोर हुँदै यात्रा गर्ने जो कोही यसको अवलोकनका लागि आउँथे होला, बाटोको पनि असुविधा छ, पूरै बन्न सकेको छैन।"-गुरुङले भने।

घुमारीको विकासका लागि केही वर्ष पहिले काम अघि बढेको भए पनि हाल अलपत्रजस्तै बन्न पुगेको छ। पाँच वर्ष पहिला निर्माण सुरु गरिएको राधाकृष्ण मन्दिर अहिले अलपत्र अवस्थामा रहेको छ। मन्दिरले पूर्णता नपाउँदा बनेका संरचनासमेत जीर्ण बन्दै गएको छ। गण्डकी प्रदेश सरकारमार्फत २०७७ सालमा मन्दिरको संरचना निर्माण सुरु गरिएको थियो। पछिल्ला वर्षमा उक्त स्थानका लागि बजेट नपर्दा अलपत्र बनेको स्थानीय गुरुङको भनाइ छ।

सुरु गरिएको कार्यलाई पूर्णता दिनेगरी योजना नबनाउँदा घुमारीमा हाल रहेका संरचना थप जीर्ण भएर भग्नावशेषमा परिणत हुने चिन्ता छाएको छ। निर्माण सुरु गरिएको योजनालाई पूर्णता दिने साथै यसको प्रचारप्रसार र प्रवर्द्धनमा लाग्नुपर्ने उनले बताए।

पर्यटन तथा उद्योग कार्यालय नवलपुरका कार्यालय प्रमुख निर्मलराज बरालले जिल्लाका अन्य पर्यटकीय क्षेत्रमा केही पूर्वाधार विकासका लागि बजेट र योजना भए पनि घुमारीका लागि चालु आवमा केही कार्य नभएको बताए। जिल्लाको पर्यटकीय क्षेत्रको विकासका लागि आगामी आर्थिक वर्षको योजनामा समेत घुमारी कतैबाट सिफारिस नहुँदा सो स्थानमा काम गर्नसक्ने अवस्था नभएको उनको भनाइ छ।

# लुम्बिनी प्राविधिक विश्वविद्यालयलाई समयसापेक्ष बनाउनुपर्नेमा जोड



नेपालगञ्ज। लुम्बिनी प्रदेश सरकारको गौरवको आयोजनाका रूपमा रहेको लुम्बिनी प्राविधिक विश्वविद्यालयलाई प्रभावकारी र समयसापेक्ष बनाउँदै लैजानुपर्नेमा जोड दिइएको छ।

बुधबार नेपालगञ्जमा आयोजित विश्वविद्यालयको तेस्रो वार्षिकोत्सव समारोहमा सहभागीहरूले विश्वविद्यालयलाई नेपालगञ्जमा स्थापित गर्न नागरिक समाज, सरोकार भएका निकायलगायत सबैको सहयोगबाट समयसापेक्ष बनाउँदै लैजानुपर्नेमा जोड दिएका छन्।

विश्वविद्यालयको तेस्रो वार्षिकोत्सवको उद्घाटन गर्दै प्रदेशका सामाजिक विकासमन्त्री एवं विश्वविद्यालयका सहकुलपति जन्मजय तिमिल्सेनाले विश्वविद्यालयलका सबै लाई जिम्मेवार भएर भूमिका निर्वाह गर्न आग्रह गर्दै यसलाई प्रभावकारी रूपमा सञ्चालनमा ल्याउन आवश्यकता अनुसार परिवर्तन हुँदै जानुपर्ने धारण व्यक्त गरे।

उनले ३३ जना विद्यार्थीबाट सुरु भएको विश्वविद्यालय अहिले २०० हाराहारीमा पुगेको जानकारी दिँदै यसले गति समातेकाले यसको व्यवस्थापकीय भूमिकालाई बलियो बनाउनुपर्ने आवश्यकता औंल्याए।

क ु ल स च ि व (रजिष्ट्रार) रेगबहादुर भण्डारीले विश्वविद्यालयले प्रदान गरेको विभिन्न शैक्षिक कार्यक्रमबारे जानकारी दिँदै विद्यार्थीलाई आधुनिक तथा स्मार्ट प्रविधिलगायत क्षेत्रमा विशेषज्ञता प्रदान गरिरहेको उल्लेख गरे।

उनले विश्वविद्यालयको पाठ्यक्रममा व्यवहारिक शिक्षा, अनुसन्धान, उद्यमशीलता, विकासलगायत विषय समावेश गरिएको जनाउँदै रोजगारी सिर्जना गर्न तथा नयाँनयाँ प्रविधिमा सक्षम बनाउने प्रयास जारी रहेको बताए।

विश्वविद्यालयका डीन डा. निरज केसीले स्नातक र स्नाताकोत्तर तहमा थप शैक्षिक कार्यक्रम सञ्चालनको तयारी भइरहेको जानकारी दिँदै सिभिल इञ्जिनियरिङतर्फ पनि नयाँ कार्यक्रम ल्याउने तयारी भइरहेको जानकारी दिए।

विश्वविद्यालयका उपकुलपति विनोद ढकालको अध्यक्षतामा भएको कार्यक्रममा प्रदेशसभाका सदस्यद्वय रत्न खत्री, सिके गुप्ताले नमूना विश्वविद्यालयका रूपमा स्थापित गर्न साझा प्रयास र समन्वय जरुरी रहेकामा जोड दिए।

सूचनाप्रविधि, इञ्जिनियरिङ, कृषि, वन तथा पर्यटनलगायत व्यवहारिक शिक्षा सञ्चालन गर्दै आएको सो विश्वविद्यालय विसं २०७९ असार १८ गते नेपालगञ्जमा स्थापना भएको थियो।

# तीन सय रोपनी क्षेत्रमा निहुरो र अम्रिसो खेती



ढोरपाटन। सामुदायिक वनलाई उत्पादनसँग जोड्न बागलुङको काठेखोला गाउँपालिका-७ रेशमा निहुरो र अम्रिसोखेती गरिएको छ। वडा कार्यालय र स्थानीयले तीनवटा सामुदायिक वनमा झाडी फाँडेर करिब ३०० रोपनी क्षेत्रमा निहुरो र अम्रिसो लगाएका हुन्।

यहाँका तीतेझारी, माकुका र साँघुखोला सामुदायिक वनको ३०० रोपनी क्षेत्रमा खेती सुरु गरिएको वडाध्यक्ष प्रेम लामिछानेले जानकारी दिए। अन्य सामुदायिक वनमा पनि बिस्तारै खेती गर्दै जाने उनले योजना सुनाए। तीन वर्षअघि १२ रोपनीमा सुरु गरेको यो खेती हाल ३०० रोपनीमा फैलाउन सफल भएको अध्यक्ष लामिछानेले बताए।

यसका लागि वडा कार्यालय र स्थानीयको जनश्रमदान गरी हालसम्म रु तीन लाख लगानी भएको छ। हाल गाउँमै निहुरो र अम्रिसोको बिरुवा उत्पादन हुन थालेकाले बिरुवामा धेरै खर्च नभएको हो। रेश गाउँमा पहिले निहुरो र अम्रिसो नपाइए पनि हाल हरेक किसानले बारीको कान्लामा समेत यसको खेती गर्न थालेको वडाध्यक्ष लामिछानेले जानकारी दिए।

"पहिले गाउँमा मान्छे धेरै हुन्थे, पशुचौपाया पनि धेरै पाल्थे, हाल बसाइँसराइले गाउँमा मान्छे कम छन्, पहिलेको जस्तो वस्तुभाउ पाल्दैनन्, त्यसले गर्दा वनमा झाडी पलायो", उनले भने-"त्यसैले स्थानीयसँग सहकार्य गरेर झाडी फाँडेर निहुरो र अम्रिसो लगाएका छौं, अरू बिरुवा पनि फाटफुट लगाएका छौं। वनलाई पनि अब आम्दानीसँग जोडौं भन्ने हिसाबले यो काम सुरु गरेका हौं।"

स्थानीय धनबहादुर जिसी हाल लगाइएको निहुरो र अम्रिसोको उत्पादन बढेमा सामुदायिक वनमा फैसा फल्ने बताउँछन्। तरकारीका रूपमा प्रयोग हुने निहुरो र अम्रिसोको माग र मूल्य पनि राम्रो भएकाले ठूला सहरमा निर्यात गर्न पनि सकिने उनको भनाइ छ। झाडी फाँडेर साना बिरुवा लगाएपछि वन्यजन्तुको आक्रमण हुने जोखिम पनि कम भएको जिसीको विश्वास छ।

काठेखोला-७ की उजेली शर्माले गाउँकै सामुदायिक वनबाट बिरुवा सङ्कलन गरी खेती बिस्तार गरेको सुनाउँछिन्। "पहिले निहुरो खोज्नका लागि धेरै टाढाको जङ्गलमा जाने गरेका थियौं, हाल नजिकैको सामुदायिक वनमा पाउन थालेको छ। काम नलाग्ने झाडीको ठाउँमा काम लाग्ने बस्तु रोपेपछि हामी सबै उत्साहित छौं। उत्पादन बढी हुँदै गएपछि बिक्री गरेर यहीँबाट जीविकोपार्जन गर्न सकिने आशा छ।"-शर्माले भनिन्।

## नाम परिवर्तन भएको सम्बन्धी सूचना

पाल्पा जिल्ला तानसेन नगरपालिका वडा नं. ४ मा रजिस्टर्ड कार्यालय रहेको आई.टि.जक्सन इन्स्टिच्युट अफ मेडिकल साइन्स एण्ड एप्लाइड टेक्नोलोजी प्रा.लि.को नाम परिवर्तन भई वाई.बि. इन्जिनियरिङ्ग मल्टि कन्सल्ट एण्ड सप्लायर्स प्रा.लि. भएको ब्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ।

**वाई.बि. इन्जिनियरिङ्ग मल्टि कन्सल्ट एण्ड सप्लायर्स प्रा.लि.**
तानसेन ४ ,पाल्पा मो.नं.९८५७०६५१८३

**ट्वाइलेट सफा गराउनुहोस्**
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।
सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297



**चैतेधानको उत्पादकत्व परीक्षणः**

पाल्पा रामपुर नगरपालिकाका-४ तल्लो वडमान खेतमा चैतेधान बालीको कटानी (क्रप कटिङ) गर्दै कृषि शाखा रामपुरका प्राविधिक र रामतुलसी नमूना माध्यमिक विद्यालयमा कृषि बाली विज्ञानमा अध्ययनरत विद्यार्थीहरू। धानको उत्पादकत्व पत्ता लगाउन उत्पादन भएको बाली स्थलमानै पुगेर कटानी गरिएको हो। तस्विर : सुशीला रेग्मी

# उपभोक्ता अदालतको निर्णयविरुद्ध विरोध प्रदर्शन



बुटवल । उपभोक्ता अदालतको निर्णयको विरोधमा देशभरका चिकित्सकहरू आन्दोलनमा उत्रिएका छन् । बिहीबार नेपाल चिकित्सक संघ लुम्बिनी प्रदेशको अगुवाइमा बुटवलस्थित लुम्बिनी प्रादेशिक अस्पतालमा आयोजित वृहत् विरोध कार्यक्रममा चिकित्सक, कानुनविद्, मानवअधिकारकर्मी, औषधी व्यवसायीलगायत सरोकारवालाहरूले ऐन परिमार्जनको माग गर्दै सरकारप्रति आक्रोश व्यक्त गरे ।

कार्यक्रममा संघका अध्यक्ष डा. कृष्ण खरेलले ऐन चिकित्सकको मनोबल तोड्ने खालको भएको भन्दै यसको विरोधमा उत्रिनु परेको बताए। अस्पताल र मन्दिर भनेको आश गर्ने ठाउँमात्र भएको तर्क दिँदै उनले मानिसको भाग्य र आयु पहिले नै तोकिएको हुने बताए । चिकित्सकलाई दण्ड दिलाएर काम गर्न बाध्य पार्ने काम गर्न नहुने उनले जनाए। 'यो ऐन खारेज नै गर्नुपर्छ । नियमका कुरा गरेर हुँदैन ।'- उनले भने।

कार्यक्रममा लुम्बिनी प्रादेशिक अस्पतालका मेसु डा. ईन्द्र ढकालले चिकित्सकहरूलाई मानसिक तनावमा पार्ने गरी कार्यस्थलमा असहज वातावरण सिर्जना गरिएको गुनासो गरे। 'चिकित्सकीय निर्णयमा त्रुटि भन्ने आधार बिना करिब १ करोड क्षतिपूर्ति दिने व्यवस्था असह्य छ।'- उनले भने।

कार्यक्रममा मानवअधिकार तथा शान्ति समाजका पूर्व केन्द्रीय अध्यक्ष गोबिन्द खनालले यो ऐन नागरिक मैत्री र स्वस्थ्यमैत्री नभएको दाबी गरे । नेपालमा अहिले बाहिर गएर सेवा लिने अवस्था सृजना भएको उनले बताए। नर्सिङ उत्पादन, नया अस्पताल स्थापना, एचएलगायतमा ल्याइएको ऐनहरु बाँफिएको भन्दै उनले गलत काम भैरहेको दाबी गरे।

कार्यक्रममा वरिष्ठ चिकित्सक डा. डीबी खत्रीले चिकित्सकीय अभ्यासको प्रकृति, जोखिम र जटिलता बुझी नबुझी कानुनी व्याख्या गर्नु गलत भएको बताए।

कार्यक्रममा उच्च अदालत बार एशोसिएसन बुटवलका अध्यक्ष गोविन्द मरासिनीले कानुनी त्रुटिले स्वास्थ्य सेवा क्षेत्र नै जोखिममा परेको उल्लेख गरे । उपभोक्ता अदालत केवल चिकित्सकका लागिमात्र नआएको उल्लेख गर्दै यो अदालतबाट आम उपभोक्ताको हकहितको पक्षमा निर्णय हुने गरी कानुन बनेको बताए। नेपाल मेडिकल काउन्सिल एक्ट २०२० सालमा जारी भएको जतिखेर नेपालको मुलुकी ऐन २०२० समेत जारी रहेको उनले जनाए । तत्कालिन समयमा इलाजसम्बन्धी छुट्टै व्यवस्था रहेको थियो । मुलुकी ऐनमा पनि गलत उपचार गरेर चिकित्सकलाई सजायको व्यवस्था रहेको उनले बताए। तर त्यो मुलुकी ऐनसँगै जारी भएको चिकित्सकका लागि विशेष एक्ट मेडिकल एक्ट बनेपछि भने इलाजसम्बन्धी एक्ट निस्क्रिय भएको उनले बताए । २०७४ सालमा मुलुकी अपराध संहिता आए पनि त्यसमा समेत चिकित्सक र औषधी उपचारमा हुने गलत विधिलाई कानुनी दायरमा ल्याउने व्यवस्था रहेको उनले उल्लेख गरे।

कार्यक्रममा नेपाल औषधि व्यवसायी संघ रुपन्देहीका अध्यक्ष खड्ग बस्नेतले चिकित्सक र औषधि व्यवसायीहरुको संघबिच एकअर्कामा नङमासुको सम्बन्ध रहने भन्दै चिकित्सकलाई पर्दा आफूहरु सधैं साथमा रहेको प्रतिबद्धता जनाए। ऐनलाई चिकित्सा सेवा अनुकूल बनाएर संशोधन नगरे आफूहरु पनि आन्दोलनमा उत्रने उनले बताए।

कार्यक्रममा नेपाल औषधि व्यवसायी संघका पूर्व केन्द्रीय अध्यक्ष बाबुराम भट्टराई, निजी अस्पताल समिति (अफिम) का अध्यक्ष रामप्रसाद खरेल, संघका उपाध्यक्ष डा.वर्षा थापा, संघका सचिव डा.प्रकाश बस्नेतले आन्दोलन शान्तिपूर्ण भए पनि आवश्यक परे थप चरणबद्ध आन्दोलन गर्न बाध्य हुने चेतावनी समेत दिए।

स्वास्थ्य क्षेत्रका अन्य संघ-संस्थाका प्रतिनिधिहरूको उल्लेखनीय उपस्थिति रहेको कार्यक्रममा सरकारले चिकित्सकको मनोबल गिराउने गरी ल्याएको ऐन पुनरावलोकन गर्न र सरोकारवाला पक्षसँग छलफल गरेर नीति तय नगरे थप चरणबन्द आन्दोलन गर्ने बताए।

# केराको थामबाट गड्यौला मल उत्पादन



**रचना चौधरी**
*नवलरासी*

सुस्ता गाउँपालिकामा अब केराको थाम (खम्बा)खेर नजाने भएको छ । केराको पकेट क्षेत्रको रुपमा चिनिने सुस्तामा केरा पाकेपछि खेर जाने थामलाई उपयोग गरेर यहाँका किसानले गँड्यौला मल बनाउन सुरु गरेका छन् । गँड्यौला मल बनाउन सुरु गरेदेखि यहाँका कृषकहरुका लागि नयाँ सम्भावनाको ढोका खुलेको छ। सुस्ता गाउपलिकाको आयोजनामा चार दिने केराको थामबाट गँड्यौलाको मल बनाउने तालिम भएको थियो । तालिम पछि कृषकहरुले फोहोर ठानेर फाल्ने गरेको केराको थाम अहिले गँड्यौला मलमा रुपान्तरण हुन थालेको छ। वडा नं. २ महालबारीका गोविन्द गैरे भन्छन्-'केरा पाकीसके पछि केराको थाम फालिन्थ्यो । गँड्यौला मल बनाउन सुरु भएदेखि फोहोर देखिएका खोला नाला, बाटो घाटो सफा देखिन थालेको छ । किसानका खेतबारीमा गँड्यौला मल अर्थात् प्रांगारिक मल प्रयोग हुन थालेको छ।'

गोविन्दले विकल्प नामको संस्थाबाट सहयोग लिएर केही समयअघिदेखि गँड्यौला खेती गर्दै आइरहेका छन्। गैरेले अहिले भने सुस्ता गाउँपालिकाबाट ब्याड बनाउनका लागि सहयोग प्राप्त गरेका छन् । त्यसबाट आफैँले गँड्यौला राखि मल उत्पादन गर्दै आएका छन्। पहिले भैंसी पाल्ने गर्थे अहिले भैंसी छैनन्। गाई भैंसीको मल सरह उपयोगी हुने भएकाले गँड्यौलाबाट मल उत्पादन गर्दै आएका छन्। थोरै ठाउँमा उत्पादन गर्न सकिने भएकोले अहिले यही गँड्यौला मललाई निरन्तरता दिइरहेको किसान गोविन्दले बताए।

किसान गोविन्दका अनुसार एउटा ब्याडबाट डेढ दुई क्विन्टल मल उत्पादन हुन्छ। 'यो मल संचित गरेर राख्छु र आवश्यक परेको बेला निकाल्दै आफ्नो खेतबारीमा प्रयोग गर्ने गर्छु। थोरै मात्रामा आफ्नै गाउँघरमा बिक्री वितरण पनि गर्ने गर्छु।'-उनले सुनाए।

किसानहरुका अनुसार सुस्ता र आसपासका क्षेत्रमा १० वर्षअघि अन्य संस्थाहरुबाट गँड्यौला मल बनाउने तालिम दिइएको थियो । किसान गोविन्दले त्यसबेला सिकेकाले गँड्यौला मल बनाउने तालिममा भाग लिएनन्। अहिले आएको नयाँ प्रविधि नयाँ तरिकाले गँड्यौला मल बनाउने तालिम नलिएको कारण गँड्यौला मलको लागि ठाउँ बनाएर राखे पनि नयाँ ज्ञान नभएको कारणले गँड्यौला मरे । फेरि गाउँपालिकाले उनलाई तालिमसँगसँगै सामग्रीहरु र नयाँ ज्ञान नयाँ प्रविधि पनि प्रदान गरेको छ। सुस्ता गाउँपालिकाले गँड्यौलाको खेती गर्नका निमित्त किसानहरुलाई प्रोत्साहनका गर्न भन्दै सहयोग गरेको हो।

सुस्ता गाउँपालिका वडा नं. १ फेचुहा निवासी कृषक कला भुर्तेल पनि केराको थामबाट गँड्यौला मल बनाउँछिन् । कलाले परासी एकीकृत हातेमालो समाज नेपाल संस्थाबाट तालिम लिएकी थिइन्। उनीहरूकै लगानीमा ३ महिनादेखि गँड्यौला मल बनाउने व्यवसायमा आबद्ध छिन्।

गँड्यौला मल उत्पादनका लागि ३०-३५ हजारको लगानीमा व्यवसाय सुरु गर्न सकिन्छ। मल बनाउन केराको थाम अन्य जैविक फोहर पात, गहुँको भुस, गँड्यौला, पानीलगायतलाई, गोबर ट्यांकी वा जमिनमा खाल्डो खनी छायाँ र हावायुक्त स्थानमा राख्नुपर्ने हुन्छ । यसलाई तयार हुन ३ महिना लाग्छ। हुँदा आफूले अझैं यसको प्रयोग गरीनसकेको कृषक कला भुर्तेलको भनाइ छ।

गँड्यौला मल बनाउने विधिलाई सरकारले धेरै किसानबिच पुर्‍याउने योजना बनाएको छ। त्यसअन्तरगत केराको थामबाट गँड्यौला मल बनाउने विधिलाई पनि सिकाइरहेको छ। कृषि ज्ञान केन्द्र नवलपरासी पश्चिममाका प्रमुख रवीन्द्र नाथ चौबे भन्छन्-'प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाबाट नवलपरासी पश्चिम क्षेत्रमा केरा जोन कार्यक्रम लागू भएको छ। केरासँग सम्बन्धित प्रत्येक कार्यक्रमहरु जोनबाटै सञ्चालन हुने गरेका छन् । यही कारण कृषि ज्ञान केन्द्रबाट केराका थामबाट गँड्यौला मल बनाउने काममा सघाउने लगानी छैन । यद्यपि प्राविधिक ज्ञान दिने काम भइरहेको छ।'

सुस्ता गाउँपालिका भने केराको थामबाट गँड्यौला बनाउने प्रविधिलाई व्यवसायिक बनाउन लागिपरेको छ। गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत होमलाल भुसाल केराको थामबाट गँड्यौला बनाउने प्रविधिलाई पालिकाले प्रत्येक वर्ष बजेट विनियोजन गरिराखेको बताउँछन्। सुरुको आर्थिक वर्षमा प्रयोगात्मक काम गर्न र सम्पूर्ण सामग्रीहरु उपलब्ध गराउन ४ लाख विनियोजन भएको थियो । अहिले आर्थिक वर्ष २०८१-८२ मा १ लाख रुपैयाँ विनियोजन भएको छ। आउँदो आर्थिक वर्ष २०८२-८३ को लागि पनि १ लाख रुपैयाँ बजेट विनियोजन भएको छ।

कृषि शाखा प्रमुख मनोज रावलले केराको थामबाट गँड्यौला मल प्राप्त हुने भएकाले यो भल निकै उपयोगी हुने बताउँछन् । प्राङ्गारिक मलको प्रयोगबाट माटोमा उर्वरा शक्ति बढ्ने उनी बताउँछन् । रावलका अनुसार गँड्यौला मल उत्पादनले कृषकहरुमा नयाँ पन छाएको छ। फोहोर व्यवस्थापन पनि हुने र आफ्नो करेसा बारीको लागि मल पनि हुने भन्ने सोँचको विकास बिस्तारै सबैमा बढ्दै गएको छ ।

कृषि प्राविधिक किरनकुमारी चौधरीका अनुसार सुस्ता गाउँपालिकाले गँड्यौला मल बनाउने तालिम २०८२ साल बैशाख तालिम सञ्चालन गरेका थियो । पहिलो पटक वडा नं. ४ मा ४ दिनको तालिम सञ्चालनमा १ सय २० जनाको सहभागिता रहेको थियो । तालिम प्रयोगात्मक भएको थियो । प्रत्येक वडामा २-२ जना किसानको दरले भर्मी वेड, भर्मी कम्पोष्ट मल गँड्यौलाको कसरी प्रयोग गर्ने, खाना कसरी दिने, उत्पादन भएको मल कसरी निकाल्ने, बजार पठाउँदा कसरी प्याकेजिङ गर्ने भन्ने कुरा तालिममा सिकाइएको थियो। तालिम लिएका १२० जनामध्ये व्यवसायिक रुपमा अहिले १०-१२ जना निरन्तरता दिइरहेका छन्। वडागत दिइएको तालिममा ५ नं. वडा मा २ जना, ४ नं. वडामा ५ जना, ३ नं. वडामा १ जना र १ नं. वडामा ३ जना निरन्तर लागिरहेका छन्। युरिया र डीएपी प्रयोगकर्ताहरुको मनमा गँड्यौला मल प्रयोग गर्दा उत्पादनमा ह्रास आउँछ कि भन्ने डर थियो । यो डरलाई चिर्नको लागि पालिकाले हरेक महिना अभिमुखीकारण तालिम सञ्चालन गरी सहजीकरण गरेको छ। थोरै मल पहिला परीक्षणको लागि किसानलाई दियो । अब भने किसानहरु त्यसमा ढुक्क छन् र गाउँघरमा बेचिराखेका छन् । गँड्यौला मलको बजारीकरणको विषयमा पालिकाले बजेट छुट्याएको छ । सो बजेटबाट किसानको मल खरिद गरी अन्य किसानहरुलाई पालिकाले नै वितरण गर्दै आइ आखेको उनको भनाइ छ।

गाउँपालिकाकी उपाध्यक्ष गीता चौधरीले सुस्तामा गँड्यौला मल उत्पादनमा किसानको उत्साह निकै राम्रो भएको बताउँछिन् । उनका अनुसार गँड्यौला मल बनाउने प्रविधिबाट गँड्यौला र मल दुवै बेच्न मिल्ने भएको कारण किसानहरूको लागि दोहोरो फाइदा हुने गर्दछ। रासायनिक मलभन्दा प्राङ्गारिक मल उपयोगी हुने भएकोले किसानहरुलाई यसमा जोड दिन जरुरी छ।

पालिकाबाट अनुगमन टोली पठाएर यो व्यवसाय गर्ने किसानहरु के गरिराखेका छन्, निरन्तरता दिएका छ कि छैनन्। यदि छैनन् भने के कारणले दिएका छैनन् ती समस्याको खोजी गरी त्यसको निवारण गर्ने कोशिश गरिन्छ। रासायनिक मलको प्रयोगले विभिन्न रोगका संक्रमण हुने हुँदा अब विषादी प्रयोग गर्न छोडेर प्राङ्गारिक मलको प्रयोग गर्ने बानीको विकास गर्नु पर्छ भन्ने चेतनाको विकासमा यो मल उपयोगी छ ।

पालिकाको पहलमा भएको केराको थामबाट गँड्यौला मल बनाउने तालिम प्राप्त गरेसँगै किसान खुशी छन्। रासायनिक मल प्रयोग गर्दा स्यानो फल्ने प्याज प्राङ्गारिक गँड्यौला मल प्रयोग गर्दा ठूलो फलेको किसानको अनुभव छ । गाउँपालिकाका उपाध्यक्ष चौधरी भन्छिन्-'केराको थामबाट गँड्यौला मल बनाउने विधि धेरै किसानमाझ पुर्‍याउने योजना छ।'

# भीरकोटका उत्कृष्ट नौ किसान सम्मानित



वालिङ । स्याङ्जाको भीरकोट नगरपालिकाले पालिकाभित्रका उत्कृष्ट नौ कृषकलाई सम्मान गरेको छ। लामो समयदेखि व्यावसायिकरुपमा कृषि गर्दै आएका नगरका नौ उत्कृष्ट कृषकलाई नगरपालिकाले प्रोत्साहनस्वरुप सम्मान गरेको हो ।

नगरपालिकाले कृषि विकास कार्यक्रमअन्तर्गत कृषकलाई रु १० हजार नगदसहित प्रमाणपत्रले सम्मान गरेको नगर प्रमुख गोविन्दकुमार कर्माचार्यले बताए । नगरपालिकाका नौ वटै वडामा कृषि कर्म गर्दै आएका कृषक तथा कृषक समूहलाई सम्मानका लागि आवेदन आह्वान गरिएको र सोही आवेदनका आधारमा उत्कृष्ट कृषकका रुपमा छनोट गरी सम्मान गरिएको उनले बताए।

“कृषि कर्म गर्दै आएका १८ कृषक तथा कृषक समूहको आवेदन प्राप्त भएको थियो”, उनले भने-“प्राप्त आवेदनका आधारमा स्थलगत अनुगमन गरेर मूल्याङ्कन तथा छनोट समितिबाट सिफारिस भइआएका कृषकलाई सम्मान गरेका हौं।”

सम्मानित हुनेहरुमा वडा नं. २ का खाद्यान्न तथा नगदे बाली उत्पादक कृषक कृष्णबहादुर अधिकारी, वडा नं ३ का कृषक लोकबहादुर खत्री, वडा नं. ६ का गाईपालक कृषक कमल गोदार, वडा नं. ६ कै भैंसीपालक कृषक शिव खत्री, वडा नं. ७ का फलफूलखेती गर्ने कृषक श्यामप्रसाद अर्याल, वडा नं. ७ कै फलफूलखेती गर्ने व्यावसायिक कृषक ननिता अर्याल राना, वडा नं. ८ का नवीनतम कार्यअन्तर्गत बाख्राको दूधबाट चीजलगायतका परिकार उत्पादनमा सक्रिय कृषक डिलबहादुर गुरुङ र वडा नं. ९ का बाख्रापालक कृषक भेमराज रेग्मीलाई नगदसहित सम्मान गरिएको हो।

सम्मानित हुनेमा सात पुरुष किसान र दुई महिला किसान रहेका छन्। कृषकलाई उत्पादन वृद्धि गर्नुका साथै कृषि पेशालाई व्यावसायिक बनाउन कृषक सम्मानले थप प्रोत्साहन र उर्जा मिल्ने प्रमुख प्रशासकीय अधिकृत उदयबहादुर पराजुलीले बताए। लामो समयदेखि कृषि कर्म गर्दै आएका कृषकलाई छनोट गरी सम्मान गर्ने कार्यले आफूजस्ता अन्य सयौं कृषकलाई थप उर्जा र प्रोत्साहन पुग्ने दाबी भीरकोट-८ का बाख्रापालन व्यवसाय गर्दै आएका डिलबहादुर गुरुङ बताउँछन्।

“गाउँमै बसेर कृषि कर्म गर्दा पनि सम्मानित भइने रहेछ भन्ने देखिएको छ”, उनले भने-“जसकाकारण आगामी दिनमा व्यवसाय प्रवर्धनका लागि थप प्रोत्साहन र उर्जा मिलेको महशुस गरेको छु।”

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com